# नेपालमा फेरि देखियो मंकीपक्स

**नयाँ पत्रिका**

नेपालमा पुनः मंकिपक्स संक्रमण देखिएको छ। बिहीबार साउदी अरेबियाबाट फर्किएका तनहुँका ३६ वर्षीय पुरुषलाई मंकीपक्स संक्रमण देखिएको स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका प्रवक्ता डा. प्रकाश बुढाथोकीले बताए। विदेशबाट नेपालमा आएका व्यक्तिमा मंकीपक्स देखिएको यो दोस्रो घटना हो। यसअघि ०८० असारमा विदेशबाट आएकी ६० वर्षीया विदेशी महिलामा मंकीपक्स संक्रमण देखिएको थियो। नेपाली नागरिकमा यस्तो रोगको संक्रमण पहिलोपटक देखिएको स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले जनाएको छ।



सांकेतिक तस्बिर

बिहीबार संक्रमण पुष्टि भएका व्यक्तिमा मंकीपक्ससँग मिल्दोजुल्दो लक्षण देखिएपछि टेकुस्थित राष्ट्रिय जनस्वास्थ्य प्रयोगशालामा परीक्षण गरिएको थियो। संक्रमण पुष्टि भएसँगै उनलाई शुक्रराज ट्रपिकल तथा सरुवारोग अस्पतालमा उपचारका लागि राखिएको छ।

पछिल्लोपटक १११ मुलुकमा मंकीपक्स फैलिइसकेको छ। मंकीपक्स एक प्रकारको 'भाइरल जुनोसिस' हो, अर्थात् यो जनावरबाट मानिसमा सरेको भाइरस हो। मानिसमा संक्रमण हुँदा छाला, अनुहार, हत्केला र पैतालामा बिबिरा देखापर्ने,

बिबिरा परिवर्तन भई फोका हुँदै पाप्रा लागेर उप्किने, ज्वरो आउने, टाउको, ढाड र मांसपेशी दुख्ने र शरीरका ग्रन्थीहरू बढ्नेजस्ता लक्षण देखिन्छन्। यो रोग प्रायः मध्य र पश्चिम अफ्रिकी देशमा पाइन्छ। अफ्रिकाबाट नै यो भा।इरस अन्यत्र फैलिएको बताइन्छ।

## गाडीको ठक्करबाट एकको मृत्यु

**दोलखा**/ लामोसाँघु-जिरी सडकखण्डको चरिकोटस्थित चोथाङमा गाडीको ठक्करबाट एकजनाको मृत्यु भएको छ। शुक्रबार सिन्धुपाल्चोकबाट दोलखातर्फ आउँदै गरेको प्रदेश नम्बर ३ ०१-०२४ च २६०४ नम्बरको हाइलक्स गाडीले भीमेश्वर नगरपालिका- ६ महादेवखोलामा भीमेश्वर नगरपालिका- ६ चोथाङका ५४ वर्षीय ज्ञानबहादुर तामाङ ठक्कर दिएको हो।

ठक्करबाट गम्भीर घाइते तामाङलाई उपचारका लागि सदरमुकाम चरिकोटस्थित च्छो रोल्पा जनरल अस्पताल लगिएको थियो। तर, उनको उपचारका क्रममा ज्यान गएको दोलखा प्रहरीका सूचना अधिकारी दाताराम अधिकारीले बताए। प्रहरीका अनुसार शवलाई पोस्टमार्टमका लागि पशुपति चौलागाईं स्मृति अस्पताल पठाइएको छ। चालक लिसंखु पाखर- ७ का ५३ वर्षीय जेठा तामाङलाई प्रहरीले नियन्त्रणमा लिएको छ।

## सर्भिसिङ सेन्टरमा आगलागी

**बारा**/ बाराको निजगढ नगरपालिका- ९ स्थित बजाजको सर्भिसिङ सेन्टरमा आगलागी भएको छ। शुक्रबार साँझ आगलागी हुँदा मोटरसाइकल सर्भिसिङ सेन्टरका सबै वस्तुमा क्षति पुगेको इलाका प्रहरी कार्यालय निजगढका प्रमुख प्रहरी निरीक्षक सुमित कुसवाहले बताए।

बिजुली सर्ट भई आगलागी भएको हुन सक्ने प्रहरीको अनुमान छ। साँझ साढे ६ बजे लागेको आगो राति ८ बजे मात्र नियन्त्रणमा आएको थियो।

---

## नबिल बैंक लिमिटेड, सि.बि.यु विभाग, काठमाडौंको धितोमा रहेको सम्पत्ति लिलाम बिक्री सम्बन्धी १५ दिने सूचना गोप्य सिलबन्दी बोलपत्र आव्हान गरिएको सम्बन्धी

**(प्रकाशित मिति : २०८१/०९/०६)**

यस बैंकबाट कर्जा लिएका तपसिल बमोजिमका ऋणी कम्पनीले तथा सो को धितो जमानतकर्ताले ऋण लिँदा गरिदिएको लिखत र ऋण स्वीकृतीपत्रको शर्तमा तोकिए बमोजिम बैंकलाई तिर्नु बुझाउनु पर्ने साँवा किस्ता तथा ब्याँज समेतका रकमहरु तिर्न बुझाउन पटक पटक मौखिक एवं लिखित तरताकेता गर्दा समेत नतिरी नबुझाई बैंकसँग भएको ऋण कर्जा सम्वन्धी शर्त कबुलियतहरु उल्लङ्घन गरेकोले कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना मिति **२०८०/१२/२३ को नयाँ पत्रिका दैनिक पत्रिका**मा प्रकाशित गरिएकोमा सो बमोजिम समेत ऋणी तथा जमानतकर्ता कसैले पनि ऋणकर्जाको बाँकी सावाँ ब्याज चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गरी नतिरेको/नबुझाएको एवं ऋण/जमानत दायित्व फछ्र्यौट नगरेको हुनाले ऋणी एवं धितो जमानतकर्ताले यस बैंकलाई लेखिदिएको तपशिल बमोजिमको चल अचल सम्पत्ति धितो जहाँ जे जस्तो अवस्था र परिमाणमा छ, सोही अवस्थामा र परिमाणमा प्रचलित कानून, बैंक तथा वित्तीय संस्था सम्वन्धी ऐन, २०७३ एवं बैंक नियम अनुसार गोप्य सिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गरी बैंकको लेना असुल उपर गर्नका लागि यो १५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ।

धितोमा रहेको उक्त सम्पत्तिहरु गोप्य सिलबन्दी बोलपत्र मार्फत खरिद गरी लिन इच्छुक व्यक्ति, फर्म, कम्पनी वा अन्य संगठित सघं सस्थाले यो सूचना प्रकाशित भएको पन्ध्र (१५) दिन (सो दिन बिदा परेमा बिदा पश्चात लगतै कार्यालय खुलेको दिन) को कार्यालय समयभित्र बोलपत्र फाराममा उल्लेखित शर्तहरुको अधीनमा रही रितपुर्वक भरी यस बैंकको कर्जा **असुली विभाग, बिजुली बजार काठमाडौं**मा आईपुग्ने गरी गोप्य सिलबन्दी बोलपत्र आवेदन पेश गर्न हुन आव्हान गरिन्छ।

यसै सूचनालाई आधार मानी सम्वन्धित ऋणी तथा जमानतकर्ता तथा सम्वद्ध व्यक्ति समेतले सम्पत्ति लिलाम हुने दिन भन्दा अगावै बैंकमा उपस्थित भई आफुले बुझाउनु पर्ने सम्पूर्ण बाँकी बक्यौता चुक्ता भुक्तान गरी कर्जा राफसाफ गरेमा लिलामी कार्य रोक्न सकिने व्यहोरा समेत जानकारी गराईन्छ। प्रस्तुत लिलाम बिक्री प्रक्रियाबाट धितोमा रहेको तपसिल बमोजिमको सम्पत्ति लिलाम बिक्री हुन नसकेमा वा धितोको सम्पत्ति लिलामबाट कसैले सकार गरी नलिएमा बैंक तथा वित्तीय संस्था सम्वन्धी ऐन, २०७३ बमोजिम बैंक आफैले सकार गरी लिन सक्ने व्यहोरा समेत ऋणी, धितो जमानतकर्ता एवं सम्बन्धित सबैमा जानकारी गराईन्छ। साथै, लिलाम बिक्रीबाट बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्वन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असूली सम्बन्धी ऐन, २०५८, सो को नियमावली, २०५९ तथा प्रचलित कानून बमोजिम ऋणी तथा जमानतकर्ताको अन्य चल अचल जायजेथा, श्रीसम्पत्तिबाट समेत बाँकी लेना रकम असुल उपर गरिने व्यहोरा ऋणी, धितो सुरक्षण तथा जमानत दिनु हुने व्यक्ति तथा सम्बन्धित सबैलाई यसै सूचनाद्धारा अवगत गराईन्छ।

### तपसिल

#### ऋणी कम्पनीको नाम र ठेगानाको विवरण

प्राईभेट कम्पनी ऐन २०५३ बमोजिम साबिक श्री ५को सरकार, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालयमा मिति २०६१/०७/२० मा दर्ता नं. ३१४४२/०६१-६२ अन्तर्गत दर्ता भएको **शैलुङ कन्स्ट्रक्सन कम्पनी प्रा. लि।** ठेगानाः ललितपुर जिल्ला ढोलाहिटी गा.वि.स वडा नं. ८, ढोलाहिटी, ललितपुर।

#### ऋणी कम्पनीका सञ्चालकहरु तथा व्यक्तिगत जमानतकर्ताहरुको नाम र ठेगानाको विवरण

१. रघु नाथ अधिकारीको नाति मोद नाथ अधिकारीको छोरा ललितपुर जिल्ला सुनाकोठी गा.वि.स वडा नं. ०८ स्थायी घर भई हाल ललितपुर जिल्ला ललितपुर म.न.पा वडा नं. ५ बस्ने, ना.प्र.नं.१८५२९ (जारी मितिः २०४५/०४/११, स्थान ललितपुर) भएका **शारदा प्रसाद अधिकारी।**
२. कमल प्रसाद देवकोटाकी छोरी मोद नाथ अधिकारीकी बुहारी शारदा प्रसाद अधिकारी की श्रीमती नुवाकोट जिल्ला वागेश्वरी गा.वि.स वडा नं. ३ स्थायी घर भई हाल ललितपुर जिल्ला ललितपुर म.न.पा वडा नं. ५ बस्ने ना.प्र.नं. ७२३९६ (जारी मितिः २०५८/०६/०७, स्थान नुवाकोट) भएकी **इन्दिरा अधिकारी।**
३. जगन्नाथ सुवेदीको नाति शिव प्रसाद सुवेदीको छोरा नुवाकोट जिल्ला नर्जा मण्डप गा.वि.स वडा नं. ०५ स्थायी घर भई हाल काठमाडौं जिल्ला नागार्जुन न.पा वडा नं. ०४ बस्ने, ना.प्र.नं.४७०८७ (जारी मितिः २०५३/०९/२१, स्थान नुवाकोट) भएका **रमेश सुवेदी।**
४. उदय बहादुर खड्काको नाति मोहन बहादुर खड्काको छोरा ललितपुर जिल्ला सुनाकोठी गा.वि.स वडा नं. ०१ स्थायी घर भई हाल ललितपुर जिल्ला ललितपुर म.न.पा वडा नं. २७ बस्ने, ना.प्र.नं. ६१६९८ (जारी मितिः २०५०/०२/३१, स्थान ललितपुर) भएका **अमृत खड्का।**
५. भटक बहादुर कार्कीको नाति वलराम कार्कीको छोरा ललितपुर जिल्ला सुनाकोठी गा.वि.स वडा नं. ०१ स्थायी घर भई हाल ललितपुर जिल्ला ललितपुर म.न.पा बडा नं. २७ बस्ने, ना.प्र.न. ४५१६७ (जारी मितिः २०४६/०३/२९, स्थान ललितपुर) भएका **विक्रम कार्की।**
६. रघु नाथ अधिकारीको नाति मोद नाथ अधिकारीको छोरा नुवाकोट जिल्ला वागेश्वरी गा.पा वडा नं. ३ बस्ने, ना.प्र.नं.७५५ (जारी मितिः २०३९/११/०६, स्थान नुवाकोट ) भएका **डिल्ली प्रसाद अधिकारी।**
७. मोद नाथ अधिकारीको नाति शारदा प्रसाद अधिकारीको छोरा ललितपुर जिल्ला ललितपुर उ.म.न.पा वडा नं. २६ स्थायी घर भई हाल ललितपुर जिल्ला ललितपुर म.न.पा वडा नं. ५ बस्ने, ना.प्र.नं.२८-०१-७२-००३८० (जारी मितिः २०७२/०२/१८, स्थान ललितपुर) भएका **निकेश अधिकारी।**

#### धितोको विवरण

१. नुवाकोट जिल्ला वागेश्वरी गा.पा वडा नं. ३ बस्ने, **डिल्ली प्रसाद अधिकारी**को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको काठमाडौं जिल्ला, सितापाइला गा.वि.स, वडा नं. १ सिट नं १०२/११०२/११ मा अवस्थित कि.नं. २४ क्षेत्रफल ००१०१.७० वर्ग मिटर जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत।
२. नुवाकोट जिल्ला वागेश्वरी गा.वि.स वडा नं. ३ स्थायी घर भई हाल ललितपुर जिल्ला ललितपुर म.न.पा वडा नं. ५ बस्ने **इन्दिरा अधिकारी**को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको काठमाडौं जिल्ला, का.म.न.पा वडा नं. १४ सिट नं १०२११०१२३ मा अवस्थित कि.नं.१४३ र १४१ क्षेत्रफल ७४ र ११२.८२ वर्ग मिटर जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत।
३. नुवाकोट जिल्ला वागेश्वरी गा.वि.स वडा नं. ३ स्थायी घर भई हाल ललितपुर जिल्ला ललितपुर म.न.पा वडा नं. ५ बस्ने **इन्दिरा अधिकारी**को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको ललितपुर जिल्ला, ललितपुर उ.म.न.पा वडा नं. ५ सिट नं ५छ मा अवस्थित कि.नं.५३२ क्षेत्रफल २-९-३-० रोपनी जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत।
४. नुवाकोट जिल्ला वागेश्वरी गा.वि.स वडा नं. ३ स्थायी घर भई हाल ललितपुर जिल्ला ललितपुर म.न.पा वडा नं. ५ बस्ने **इन्दिरा अधिकारी**को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको ललितपुर जिल्ला, ललितपुर उ.म.न.पा वडा नं. ५ सिट नं ५भ मा अवस्थित कि.नं. ५४७ क्षेत्रफल ०-६-२-० रोपनी जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत।
५. नुवाकोट जिल्ला वागेश्वरी गा.वि.स वडा नं. ३ स्थायी घर भई हाल ललितपुर जिल्ला ललितपुर म.न.पा वडा नं. ५ बस्ने **इन्दिरा अधिकारी**को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको काभ्रेपलान्चोक जिल्ला, काभ्रे न.पा वडा नं. ७ सिट नं ७ मा अवस्थित कि.नं. १३१९, १३२० र १३२१ क्षेत्रफल २-११-०-०, २-१०-१-१ र १-८-०-० रोपनी जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत।
६. **शैलुङ कन्स्ट्रक्सन कम्पनी प्रा. लि.**को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको झापा जिल्ला, शरणामती गा.वि.स वडा नं. ५ सिट नं ५ मा अवस्थित कि.नं. ११३६ क्षेत्रफल ०-४-०-० विगाहा जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत।
७. **शैलुङ कन्स्ट्रक्सन कम्पनी प्रा. लि.**को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको ललितपुर जिल्ला, ललितपुर म.न.पा वडा नं. ५ सिट नं ५ग मा अवस्थित कि.नं. ९७६ क्षेत्रफल १-०-०-० रोपनी जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत।
८. ललितपुर जिल्ला सुनाकोठी गा.वि.स वडा नं. ०८ स्थायी घर भई हाल ललितपुर जिल्ला ललितपुर म.न.पा वडा नं. ५ बस्ने **शारदा प्रसाद अधिकारी**को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको चितवन जिल्ला, मेघौली गा.वि.स, वडा नं. ९ सिट नं ९घ मा अवस्थित कि.नं. ५ र २२२ क्षेत्रफल ०-१९-१९-० र ०-१-७-० विगाहा जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत।
९. ललितपुर जिल्ला सुनाकोठी गा.वि.स वडा नं. ०१ स्थायी घर भई हाल ललितपुर जिल्ला ललितपुर म.न.पा वडा नं. २७ बस्ने, **अमृत खड्का**को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको ललितपुर जिल्ला, सुनाकोठी गा.वि.स, वडा नं. १ सिट नं १ख मा अवस्थित कि.नं. १०६३ क्षेत्रफल ०-९-३-० रोपनी जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत।
१०. ललितपुर जिल्ला सुनाकोठी गा.वि.स वडा नं. ०१ स्थायी घर भई हाल ललितपुर जिल्ला ललितपुर म.न.पा वडा नं. २७ बस्ने, **विक्रम कार्की**को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको ललितपुर जिल्ला, सुनाकोठी गा.वि.स, वडा नं. १ सिट नं १ख मा अवस्थित कि.नं. क्रमशः २३६, २३७, र २४२ क्षेत्रफल क्रमशः ०-५-२-०, ०-३-२-० र १-७-०-० रोपनी जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत।

**धितोमा रहेको सवारी साधनको विवरणः**

१. ऋणी **शैलुङ कन्स्ट्रक्सन कम्पनी प्रा. लि** र धनी यस बैंक समेत भएको सवारी साधन दर्ता नं. ना २ क ५३ भएको TATA Tipper.
२. ऋणी **शैलुङ कन्स्ट्रक्सन कम्पनी प्रा. लि** र धनी यस बैंक समेत भएको सवारी साधन दर्ता नं. ना २ क ५४ भएको TATA Tipper.
३. ऋणी **शैलुङ कन्स्ट्रक्सन कम्पनी प्रा. लि** र धनी यस बैंक समेत भएको सवारी साधन दर्ता नं. ना २ क ५५ भएको TATA Tipper.
४. ऋणी **शैलुङ कन्स्ट्रक्सन कम्पनी प्रा. लि** र धनी यस बैंक समेत भएको सवारी साधन दर्ता नं. ना २ क ५६ भएको TATA Tipper.
५. ऋणी **शैलुङ कन्स्ट्रक्सन कम्पनी प्रा. लि** र धनी यस बैंक समेत भएको सवारी साधन दर्ता नं. ना २ क ५७ भएको TATA Tipper.
६. ऋणी **शैलुङ कन्स्ट्रक्सन कम्पनी प्रा. लि** र धनी यस बैंक समेत भएको सवारी साधन दर्ता नं. ना २ क ५८ भएको TATA Tipper.

**लिलामबिक्री सम्बन्धी अन्य शर्तहरु :**

१. बोलपत्र सम्बन्धी शर्तबन्देज सहितको बोलपत्र फाराम बैंकको केन्द्रीय कार्यालय, **कर्जा असुली विभाग, बिजुलीबजार, काठमाडौं**बाट कार्यालय समय भित्र प्राप्त गर्न सकिनेछ।
२. शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र अर्थात मिति २०८१/०९/२१ गते ४:०० बजे भित्र यस बैंकको केन्द्रीय कार्यालय, **कर्जा असुली विभाग, बिजुलीबजार, काठमाडौं**मा बुझाई सक्नु पर्नेछ।
३. प्राप्त बोलपत्रहरु मिति २०८१/०९/२२ गते ३:०० बजे बैंकको केन्द्रीय कार्यालय, **कर्जा असुली विभाग, बिजुलीबजार, काठमाडौं**मा उपस्थित प्रतिनिधि र/वा सरकारी निकायका प्रतिनिधिहरुको रोहवरमा खोलिनेछ। तर बोलपत्रदाता, निजको प्रतिनिधि वा अन्य प्रतिनिधिको उपस्थिती नहुँदैमा बोलपत्र खोल्न कुनै बाधा पुग्ने छैन।
४. बोलपत्र बुझाउने अन्तीम दिन बैंक विदा भएमा विदाको लगत्तै बैंक खुलेको दिनमा समेत उक्त दिनको ४:०० बजे भित्र तोकिएको स्थानमा बोलपत्र बुझाउन सकिनेछ। त्यस्तै बोलपत्र खोल्ने दिन बैंक विदा भएमा विदाको लगत्तै बैंक खुलेको दिन ३:०० बजे बोलपत्र खोलिनेछ।
५. लिलाम गर्न लागिएको सम्पत्ति जहाँ जे जस्तो अवस्थामा छ सोही अवस्थमा खरीद गरिलिने गरी बोलपत्र पेश गर्नु पर्नेछ। बोलपत्र पेश गर्दा कुन कुन धितोको सम्पत्तिको लागि के कति बोलकबुल गर्न खोजिएको हो स्पष्ट खुलाई पेश गर्नुपर्नेछ। बैंकले सबै वा कुनै धितो पूर्ण वा आंशिक रुपमा समेत स्वीकार गर्न सक्नेछ, यस सम्बन्धी अन्तीम निर्णय गर्ने अधिकार बैंकमा निहित रहनेछ।
६. बोलपत्रमा आफुले सकार गरी लिन चाहेको सम्पत्ति के कति रकममा खरीद गरी लिन चाहेको हो सो को अंक तथा अक्षर मा स्पष्टसाग लेखिएको हुनु पर्नेछ र आफुले कवोल गरेको रकमको कम्तिमा १० प्रतिशतले हुन आउने रकम धरौटी वापत अन्य बैंक वित्तीय संस्थाको ड्राफ्ट/मेनेजर/बैंकर्स चेक वा बैंक जमानत समेत बोलपत्र साथ समावेश गरी पेश गर्न सकिने छ। धरौटी स्वरुप जम्मा गरिएको रकममा व्याज दिईने छैन।
७. बोलपत्रदाताको बोलपत्र स्वीकृत भएमा सो को जानकारी सम्बन्धित बोलपत्रदातालाई बोलपत्रमा उल्लेखित ठेगानामा लिखितरुपमा पठाईनेछ। स्वीकृत बोलपत्रदाताले बैंकले तोकेको अवधीभित्र आफुले कबुल गरेको सम्पूर्ण रकम नगदै जम्मा गर्नुपर्नेछ। साथै उक्त समय भित्र कबुल गरेको रकम दाखिला नगरेमा धरौटी वापत राखिएको रकम बैंकले जफत गर्न सक्नेछ।
८. सम्पत्तिको स्वामित्व हस्तान्तरण गर्दा सरकारी कार्यालयमा लाग्ने सम्पूर्ण शुल्क/दस्तुर सकार गरी लिने व्यक्ति स्वयंले तिर्नु बुझाउनु पर्नेछ।
९. कुनै अड्डा, अदालतबाट लिलामसम्बन्धी कार्य रोक्का वा बदर गर्ने आदेश भएमा लिलाम रोक्का वा बदर हुनेछ। त्यस्तो अवस्थामा बोलपत्रदाताले धरौटीवापत जम्मा गरेको रकम सम्बन्धित व्यक्तिलाई फिर्ता दिईनेछ। तर सो मा कुनै व्याज प्रदान गरिने छैन।
१०. बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार बैंकमा सुरक्षित रहनेछ। रीत नपुऱ्याई दर्ता हुन आएको बोलपत्र उपर कुनै कारवाही हुने छैन।
११. लिलाम बिक्री गरिने सम्पत्तिको बारेमा थप जानकारी आवश्यक परेमा यस बैंकको केन्द्रीय कार्यालय, **कर्जा असुली विभाग, बिजुलीबजार, काठमाडौं**मा कार्यालय समय भित्र सम्पर्क गरी बुझ्न सकिनेछ।
१२. अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख भए बमोजिम हुनेछ।

NABIL BANK®
प्रधान कार्यालय, दरवारमार्ग, काठमाडौं फोन नं. ०१-५९७१८७१

---

## ग्रीन भेन्चर्स लिमिटेड
## Green Ventures Limited

GREEN VENTURES LIMITED

**लिखु-४ जलविद्युत आयोजना (५२.४ मे.वा.)**

वडा नं. २८, पुतलीसडक, काठमाडौं, नेपाल, फोन नं : ०१-५३४२३१७
इमेलः frontdesk@trivenihydro.com वेभसाइटः www.greenventuresnepal.com

### पब्लिक लिमिटेड कम्पनीमा परिणत भइसकेपछिको छैटौं वार्षिक साधारण सभा सम्बन्धी सूचना

(प्रथम पटक प्रकाशित मिति २०८१/०९/०६ गते)

**श्री आदरणीय शेयरधनी महानुभावहरु,**

यस ग्रीन भेन्चर्स लिमिटेडको मिति २०८१।०९।०५ मा बसेको संचालक समितिको चौधौं बैठकको निर्णयानुसार यस कम्पनीको पब्लिक लिमिटेड कम्पनीमा परिणत भइसकेपछिको **छैटौं वार्षिक साधारण सभा** निम्न विषयहरु उपर छलफल तथा निर्णय गर्न देहाय बमोजिमको मिति, समय र स्थानमा बस्ने भएको हुँदा सम्पूर्ण शेयरधनी महानुभावहरुको जानकारीको लागि यो सूचना प्रथम पटक प्रकाशित गरिएको छ।

**वार्षिक साधारण सभा हुने मिति, समय र स्थानः**

**मिति** : २०८१ साल पुस २८ गते आइतबार (तदनुसार १२ जनवरी, २०२५)।
**समय** : बिहान ११:०० बजे।
**स्थान** : रानी महल व्याङक्वेट, ज्ञानेश्वर, काठमाडौं।

**वार्षिक साधारण सभाको छलफल तथा निर्णयको लागि निर्धारित विषय सूचिः**

**क. सामान्य प्रस्तावहरु :**
(१) आ.व. २०८०।०८१ को संचालक समितिको वार्षिक प्रतिवेदन उपर छलफल गरि पारित गर्ने।
(२) आ.व. २०८०।०८१ को लेखापरीक्षण प्रतिवेदन सहितको वासलात, नाफा तथा नोक्सान विवरण, नगद प्रवाह विवरण सहितको वार्षिक आर्थिक विवरण पारित गर्ने।
(३) आ.व. २०८१।०८२ को लागी लेखापरीक्षकको नियुक्ती तथा पारिश्रमिक निर्धारण गर्ने।

**ख. विशेष प्रस्तावहरु :**
(१) संचालक समितिले प्रस्ताव गरे अनुसार कम्पनीका शेयरधनीहरुलाई आ.व.२०८०।०८१ सम्मको वितरण योग्य संचित मुनाफाबाट चुक्ता पूँजीको १० प्रतिशत बोनश शेयर र बोनश शेयर बापतको कर प्रयोजनका लागि ०.५२६३ प्रतिशत नगद लाभांश वितरण गर्ने।
(२) बोनश शेयर वितरणका लागि कम्पनीको जारी तथा चुक्ता पूँजीमा बृद्धि गरी, सोही बमोजिम प्रबन्धपत्रको दफा ६(ख) र (ग) मा संशोधन गर्ने।
(३) कम्पनीको पूँजी बृद्धि तथा प्रबन्धपत्रमा नियमानुसार संशोधन गर्ने क्रममा सम्बन्धित नियामक निकाय/कार्यालयले कुनै फेरबदल/संशोधन/परिमार्जन गर्न कुनै सुझाव वा निर्देशन दिएमा सोही अनुरुप आवश्यक फेरबदल/संशोधन/परिमार्जन गर्न कम्पनीको संचालक समितिलाई अख्तियारी प्रदान गर्ने।

**ग. विविध।**

संचालक समितिको आज्ञाले,
**कम्पनी सचिव**

**वार्षिक साधारण सभा सम्बन्धी थप जानकारीः**

(१) साधारण सभामा भाग लिने प्रयोजनको लागि मिति २०८१।०९।१४ गते १ दिनको लागि कम्पनीको शेयरधनी दर्ता किताब बन्द (Book Close) रहनेछ। नेपाल स्टक एक्सचेन्ज लि. मा मिति २०८१।०९।१३ गते सम्म कारोबार भई शेयर खरिद गरि आफ्नो नाममा शेयर नामसारी भई आएका शेयरधनीहरुको यस कम्पनीको शेयर रजिष्ट्रार लक्ष्मी सनराइज क्यापिटल लिमिटेडमा प्राप्त शेयर नामसारीको लिखतको आधारमा शेयरधनी दर्ता किताबमा कायम शेयरधनीहरुले मात्र सो सभामा भाग लिन सक्नेछन।
(२) कम्पनी ऐन, २०६३, को दफा ८४ को प्रयोजनार्थ संक्षिप्त आर्थिक विवरण शेयरधनीको जानकारीको लागी यसै सूचना साथ प्रकाशित गरिएको छ। साथै कम्पनी ऐन, २०६३ को दफा ७९ बमोजिमको वार्षिक आर्थिक विवरण, संचालकको प्रतिवेदन, लेखापरीक्षकको प्रतिवेदन, दफा ७८ बमोजिम तयार पारिएको प्रतिवेदन र सभामा पेश हुने प्रस्तावहरु यस कम्पनीको रजिष्टर्ड कार्यालय त्रिवेणी कम्प्लेक्स, दोश्रो तल्ला, पुतलीसडक, काठमाडौंमा वा शेयर रजिष्ट्रार लक्ष्मी सनराइज क्यापिटल लिमिटेड, नयाँ बानेश्वर, काठमाडौंबाट प्राप्त गर्न सक्नुहुनेछ वा कम्पनीको वेबसाईट www.greenventuresnepal.com मा हेर्न र डाउनलोड गर्न सकिनेछ।
(३) साधारण सभामा भाग लिन वा मतदान गर्नको लागी प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्न चाहने शेयरधनीहरुले प्रोक्सी फारम भरी सभा सुरु हुन तोकिएको समय भन्दा कम्तिमा ४८ घण्टा अगावै कार्यालय समय भित्र कम्पनीको रजिष्टर्ड कार्यालय त्रिवेणी कम्प्लेक्स, दोश्रो तल्ला, पुतलीसडक, काठमाडौंमा दर्ता गरिसक्नु पर्नेछ। त्यसरी प्रतिनिधि नियुक्त गरिसकेपछि उक्त प्रतिनिधि बदर गरी अर्को प्रतिनिधि मुकरर गरी सभा सुरु हुने भनि तोकिएको समय भन्दा कम्तिमा ४८ घण्टा अगावै कम्पनीको कार्यालय समय भित्र दर्ता गरेमा वा आफु स्वयं साधारण सभामा उपस्थित हुन आएमा त्यस्तो शेयरधनीले गरिदिएको अघिल्लो प्रतिनिधि (प्रोक्सी) स्वतः बदर हुनेछ। कुनै शेयरधनीले एक भन्दा बढी व्यक्तिलाई प्रतिनिधि नियुक्त गरेको भएमा निज स्वयंले अन्य बदर गरी एउटा कायम गरेको अवस्थामा बाहेक त्यस्ता सबै प्रतिनिधि (प्रोक्सी) हरु स्वतः बदर हुनेछन। प्रतिनिधि (प्रोक्सी) मुकरर गर्दा आफ्नो सम्पूर्ण शेयरको प्रतिनिधि एउटै व्यक्तिलाई नियुक्त गनुपर्दछ। कुनै किसिमबाट प्रोक्सी छुट्याई दिएमा छुट्याएको सबै प्रोक्सी बदर गरिनेछ।
(४) शेयरधनी महानुभावहरुको सभामा उपस्थीतिको लागी हाजिरी पुस्तिका सभा स्थलमा साधारण सभा हुने दिन बिहान १०:०० बजे देखि बिहान ११:३० बजे सम्म खुल्ला रहनेछ। साधारण सभामा भाग लिने प्रत्येक शेयरधनी महानुभावहरु वा प्रोक्सीले सभा हुने स्थानमा उपस्थित भई उक्त स्थानमा रहेको हाजिरी पुस्तिकामा दस्तखत गर्नुपर्नेछ। शेयरधनीको उपस्थितिबाट कम्पनी ऐनको व्यवस्था बमोजिम साधारण सभाका लागि आवश्यक गणपूरक संख्या पुरा भए पश्चात सभाको काम कारबाही अगाडी बढाइनेछ।
(५) साधारण सभामा उपस्थित हुने सम्पूर्ण शेयरधनी वा प्रोक्सीले शेयर प्रमाणपत्र वा डिम्याट खाताको विवरण र आफ्नो परिचय खुल्ने सक्कल प्रमाणपत्र (जस्तै नागरिकता प्रमाणपत्र वा अन्य कुनै सरकारी निकायबाट जारी भएको परिचयपत्र) अनिवार्य रुपमा साथमा लिई आउनु पर्नेछ, अन्यथा सभाकक्ष भित्र प्रवेश गर्न पाइने छैन।
(६) साझा रुपमा शेयर ग्रहण गर्ने शेयरधनीहरुको हकमा साझेदारद्वारा नियुक्त साझेदारले वा निजले नियुक्त गरेको प्रतिनिधि (प्रोक्सी) ले र सो बमोजिम नियुक्त हुन नसकेकोमा शेयरधनीहरुको दर्ता किताबमा क्रमानुसार नाम अघि लेखिएको साझेदारले मात्र सभामा भाग लिन, छलफल गर्न र मतदान गर्न पाउनेछ।
(७) नाबालक तथा अशक्त शेयरधनीको तर्फबाट संरक्षकको रुपमा शेयरधनी दर्ता किताबमा नाम दर्ता भएको व्यक्तिले सभामा भाग लिन वा प्रोक्सी नियुक्त गर्न सक्नेछ।
(८) यस कम्पनीको शेयर खरिद गरेको संगठित संस्था वा कम्पनीले सभामा भाग लिनको लागि प्रतिनिधि मुकरर गर्न सक्नेछ। प्रतिनिधी मुकरर गर्ने संगठित संस्था वा कम्पनी भएमा त्यस्तो संस्था वा कम्पनीको निर्णय तथा छाप सहित अधिकार प्राप्त व्यक्तिको दस्तखत गरेको पत्र सहित उपस्थित हुनु पर्नेछ।
(९) शेयरधनी महानुभावहरुले व्यक्त गरेको मन्तव्य वा प्रश्नहरुको सम्बन्धमा संचालक समितिको तर्फबाट सामूहिक रुपले वा संचालक समितिका अध्यक्षले वा अध्यक्षले तोकेको व्यक्तिले जवाफ दिन सक्नुहुनेछ।
(१०) साधारण सभाको काम कारवाहीहरु कम्पनी ऐन, २०६३ तथा कम्पनीको प्रबन्धपत्र, नियमावली बमोजिम हुनेछ।
(११) साधारण सभा सम्बन्धी थप जानकारीको लागि यस कम्पनीको रजिष्टर्ड कार्यालय त्रिवेणी कम्प्लेक्स, दोश्रो तल्ला, पुतलीसडक, काठमाडौं (फोन नं. ०१-५३४२३१७) वा यस कम्पनीको शेयर रजिष्ट्रार लक्ष्मी सनराइज क्यापिटल लिमिटेड, नयाँ बानेश्वर, काठमाडौंमा (फोन नं. ०१-५९७००६४) सम्पर्क गर्न सकिनेछ।

GREEN VENTURES LIMITED

### ग्रीन भेन्चर्स लिमिटेड
**प्रोक्सी फारम (प्रतिनिधि पत्र)**

श्री संचालक समिति
**ग्रीन भेन्चर्स लिमिटेड**
त्रिवेणी कम्प्लेक्स, पुतलीसडक, काठमाडौं।

**विषयः प्रतिनिधि नियुक्त गरेको बारे।**

... ... ... ... ... ... जिल्ला ... ... ... ... ... ... म.न.पा./उ.म.न.पा./न.पा./गा.पा. वडा नं. ... ... बस्ने म/हामी ... ... ... ... .. ... ... ... ... ... ... ... ... ... ले त्यस कम्पनीको शेयरधनीको हैसियतले वि.सं. २०..../..../.... गते ... ... ... ... ... का दिन हुने कम्पनीको ... औं वार्षिक साधारण सभामा म/हामी स्वयं उपस्थित भई छलफल एवं निर्णयमा सहभागी हुन तथा मतदान गर्न नसक्ने भएकाले उक्त सभामा मेरो/हाम्रो तर्फबाट छलफल एवं निर्णयमा सहभागी हुन तथा मतदान गर्नका लागि ... ... ... ... ... ... ... जिल्ला ... ... ... ... ... ... ... म.न.पा./उ.म.न.पा./न.पा./गा.पा. वडा नं. ... ... बस्ने श्री ... ... ... ... ... ... ... ... ... ... ... लाई मेरो/हाम्रो प्रतिनिधि नियुक्त गरि पठाएको छु/पठाएका छौं।

**प्रतिनिधि नियुक्त भएको व्यक्तिको**
हस्ताक्षरको नमूना :
शेयर प्रमाणपत्र नं. :
शेयरधनी/हितग्राही परिचय नं.
शेयर संख्या :
मिति :

**निवेदकको**
दस्तखत :
नाम :
ठेगाना :
शेयर प्रमाणपत्र नं. :
शेयरधनी/हितग्राही परिचय नं.
शेयर संख्या :

### आ.व. २०८०/८१ को संक्षिप्त आर्थिक विवरण

यस कम्पनीको मिति २०८१/०९/२८ गते सम्पन्न हुने वार्षिक साधारण सभाको प्रयोजनका लागी कम्पनी ऐन, २०६३ को दफा ८४ अनुसार तयार गरिएको यो संक्षिप्त आर्थिक विवरण शेयरधनीहरुको जानकारीका लागी प्रकाशित गरिएको छ।

१. यस कम्पनीले लिखु-४ जलविद्युत आयोजना निर्माणको लागी लक्ष्मी सनराइज बैंक लि. को अगुवाईमा गठन भएको सह-वित्तियकरण मार्फत परियोजना कर्जा लिई निर्माण सम्पन्न गरेको र विद्युत उत्पादन पश्चात् नियमित रुपमा तोकिए बमोजिमको भुक्तानी तालिका अनुसार बैंकहरुको साँवा तथा ब्याज समेत भुक्तानी गर्दै आएको छ।
२. यस कम्पनीको सिभिल संरचना, इलेक्ट्रोमेकानिकल उपकरण, ट्रान्समिसन लाइन आदि सम्पत्तिको सबै किसिमको जोखिम ब्यहोर्ने गरी कुल रु. १०,१३०,०००,०००।०० को सम्पत्ति बीमा गरिएको छ। सो बाहेक विद्युत उत्पादन कार्य ३० दिन भन्दा बढी बन्द भएमा सो बाट पर्ने व्यवसायीक क्षतिको समेत दावी भुक्तानी पाउने गरी रु. १,५९०,०२५,४४४।६३ को Loss of Profit बीमा गरिएको छ। आयोजनाले तेस्रो पक्ष बीमा समेत गरेको छ। यसका साथै कम्पनीमा कार्यरत कर्मचारीहरुको दुर्घटना तथा बिरामी बीमा गरिएको छ।
३. आ.व. २०८०/२०८१ को लेखापरिक्षण प्रतिवेदनमा कुनै कैफियत नभएको।
४. मिति २०८१।०१।१३ देखि मिति २०८१।०२।१५ गते सम्म लिखु-४ जलविद्युत आयोजनाको आकस्मिक मर्मत सम्भारको लागी आयोजनालाई आकस्मिक रुपमा बन्द (Emergency Shutdown) गरिएको थियो। सो अवधि भर आयोजनाको विद्युत उत्पादन पूर्ण रुपमा बन्द भई विद्युत बिक्रीबाट हुने आम्दानी नभएको तथा आयोजनाको टनेलमा मर्मत एवं इलेक्ट्रोमेकानिकल पार्टपूर्जाको मर्मत तथा प्रतिष्ठापन गरिएको थियो।
५. चालु आ.व. २०८१/२०८२ को तीन महिनाको अवधिमा यस कम्पनीले प्रकाशित गरिएको अपरिष्कृत आर्थिक विवरण अनुसार बिक्रीबाट आम्दानी रु.५६७,८२२,८९७।०० (अक्षेरेपी छप्पन्न करोड अठहत्तर लाख बाईस हजार आठ सय सन्तान्नब्बे) तथा खुद नाफा रु.२३९,३१६,१४३।०० (अक्षेरेपी तेइस करोड त्रियान्नब्बे लाख सोह्र हजार एक सय त्रिचालिस) भएको थियो। साथै २०८१ श्रावण देखि मंसिर मसान्तसम्मको बिक्रीबाट आम्दानी रु.८४९,२५८,७०८।६१ (अक्षेरेपी चौरासी करोड बयान्नब्बे लाख अन्ठाउन्न हजार सात सय आठ रुपैयाँ एकसट्ठी पैसा) प्राप्त भएको थियो।
६. प्रस्तुत संक्षिप्त आर्थिक विवरण कम्पनीको वार्षिक आर्थिक विवरण र संचालक समितिको प्रतिवेदनबाट संक्षेपीकरण गरिएको हो। उल्लेखित वार्षिक विवरण कम्पनीको वेबसाइट www.greenventuresnepal.com मा हेर्न र डाउनलोड गर्न सकिने व्यवस्था गरिएको छ।

**विरेन्द्र कुमार संघई**
**संचालक समिति**

**सि. ए. विकास तोदी**
**विकास तोदी एण्ड एसोसिएट्स**
**चार्टर्ड एकाउन्टेन्ट्स**

### ३१ आषाढ २०८१ (१५ जुलाई २०२४) गतेको वासलात

*(रकम रुपैयामा)*

| विवरण | ३१ आषाढ २०८१ | ३१ आषाढ २०८० |
|---|---|---|
| **सम्पत्ति** | | |
| **गैर चालु सम्पत्ति** | | |
| सम्पत्ति, मेशिन तथा यन्त्र उपकरण | ४१,५१९,०१२ | ५०,९२५,४९७ |
| अदृश्य सम्पत्ति | १०,३२४,५७८,०११ | १०,७१९,४०२,८३७ |
| आयोजना कार्य प्रगति | २६,०८३,१२४ | २४,६२७,८५४ |
| लगानी | १,७३९,३८८ | ३८,५७७,५५५ |
| स्थगन कर सम्पत्ति | - | - |
| **जम्मा गैर चालु सम्पत्ति** | १०,३९३,९१९,५३५ | १०,८३३,५३३,७४३ |
| | | |
| **चालु सम्पत्ति** | | |
| जिन्सी मौज्दात | ९६,३६२,८८६ | १९,६२०,६८६ |
| व्यापारिक तथा अन्य आसामी लिनुपर्ने | ३६७,६७७,७६८ | ३७९,१९८,७४५ |
| आयकर सम्पत्ति | १५,८५५,८९८ | ८,३८१,३१४ |
| अल्पकालीन लगानी | २८२,५००,००० | १२१,४५०,००० |
| पूर्व भुक्तानी | २२,४७३,५५६ | २५,२६८,४८४ |
| नगद तथा नगद सरह | ४८,५६१,४१८ | १०६,६२१,९४४ |
| **जम्मा चालु सम्पत्ति** | ८३३,४३१,५२६ | ६६०,५४१,१७१ |
| **जम्मा सम्पत्ति** | ११,२२७,३५१,०६१ | ११,४९४,०७४,९१६ |
| | | |
| **पूँजी तथा दायित्व** | | |
| **पूँजी** | | |
| शेयर पूँजी | ३,१२५,०००,००० | ३,१२५,०००,००० |
| संचित मुनाफा | ३५१,७६६,४३० | २१८,०३०,१९७ |
| **जम्मा पूँजी** | ३,४७६,७६६,४३० | ३,३४३,०३०,१९७ |
| | | |
| **दायित्व** | | |
| **गैर चालु दायित्व** | | |
| वित्तिय दायित्व | ७,२०४,५९९,१२४ | ७,६८०,८९८,३२४ |
| कर्मचारी सुविधा | - | - |
| स्थगन कर दायित्व | - | - |
| **जम्मा गैर चालु दायित्व** | ७,२०४,५९९,१२४ | ७,६८०,८९८,३२४ |
| | | |
| **चालु दायित्व** | | |
| वित्तिय दायित्व | ४९९,०५३,८८० | ४००,१००,००० |
| व्यापारिक तथा अन्य दायित्व | ४६,९३१,६२६ | ७०,०४६,३९६ |
| आयकर दायित्व | - | - |
| कर्मचारी सुविधा | - | - |
| **जम्मा चालु दायित्व** | ५४५,९८५,५०६ | ४७०,१४६,३९६ |
| | | |
| **जम्मा दायित्व** | ७,७५०,५८४,६३१ | ८,१५१,०४४,७२० |
| **जम्मा पूँजी तथा दायित्व** | ११,२२७,३५१,०६१ | ११,४९४,०७४,९१६ |

### ३१ आषाढ २०८१ (१५ जुलाई २०२४) गते समाप्तवर्षको नाफा तथा नोक्सान विवरण

*(रकम रुपैयामा)*

| विवरण | ३१ आषाढ २०८१ | ३१ आषाढ २०८० |
|---|---|---|
| बिक्रीबाट आम्दानी | १,४३३,०४०,६४९ | १,५४४,५१५,०४० |
| उत्पादन खर्च | (६९०,७१५,१६०) | (५८६,२४४,६४४) |
| **कुल नाफा** | ७४२,३२५,४८९ | ९५८,२७०,३९६ |
| अन्य आम्दानी | ३९,०९४,१५४ | ५,४४३,४३४ |
| प्रशासनिक खर्च | (२४,०४९,०३४) | (२१,५४४,५७३) |
| अन्य संचालन खर्च | - | - |
| **संचालनबाट नाफा** | ७५७,३७०,६१० | ९४२,१६९,२५७ |
| खुद वित्तीय खर्च | (६२०,३२२,५२१) | (६२१,१४६,४२२) |
| **कर्मचारी बोनस र आयकर अघिको नाफा** | १३७,०४८,०८९ | ३२१,०२२,८३५ |
| कर्मचारी बोनस | (१,९५९,०७९) | (६,३११,५८८) |
| **आयकर अघिको नाफा/(नोक्सान)** | १३५,०८९,०१० | ३१४,७११,२४७ |
| आयकर खर्च | | |
| चालू वर्षको आयकर | - | - |
| स्थगन कर आम्दानी/(खर्च) | - | - |
| **जारी गतिविधिबाट नाफा/(नोक्सान)** | १३५,०८९,०१० | ३१४,७११,२४७ |
| **बन्द गतिविधिबाट नाफा/(नोक्सान) - आयकर सहित** | - | - |
| **कर्पोरेट सामाजिक दायित्व (CSR) अघिको नाफा/(नोक्सान)** | १३५,०८९,०१० | ३१४,७११,२४७ |
| कर्पोरेट सामाजिक दायित्व | (१,३५०,८९०) | (३,१४७,११२) |
| **यस बर्षको नाफा/(नोक्सान)** | १३३,७३८,१२० | ३११,५६४,१३४ |
| | | |
| **प्रति शेयर आम्दानी (प्रति शेयर मूल्य रु.१००)** | | |
| प्रति शेयर आम्दानी - आधारभूत (Basic) | ४।२८ | ९।९७ |
| प्रति शेयर आम्दानी - परिवर्तित (Diluted) | ४।२८ | ९।९७ |

### ३१ आषाढ २०८१ (१५ जुलाई २०२४) समाप्तवर्षको नगद प्रवाह विवरण

*(रकम रुपैयामा)*

| विवरण | ३१ आषाढ २०८१ | ३१ आषाढ २०८० |
|---|---|---|
| **संचालन गतिविधिबाट नगद प्रवाह** | | |
| यस वर्षको नाफा/(नोक्सान) | १३३,७३८,१२० | ३११,५६४,१३४ |
| **समायोजन** | | |
| स्थगन कर खर्च | - | - |
| सम्पत्ति, मेशिन तथा यन्त्र उपकरणमा ह्रास कट्टि | ९,५२७,१२० | ११,४१३,८११ |
| सम्पत्ति, मेशिन तथा यन्त्र उपकरणमा भएको हानि (Impairment) | - | - |
| अदृश्य सम्पत्तिमा भएको परिशोधन (Amortization) | ४३५,५३२,९४७ | ४२८,६३५,२८० |
| लाभांश आय | - | (१,९८६) |
| खुद वित्तीय खर्च | ६२०,३२२,५२१ | ६२१,१४६,४२२ |
| **कार्यशील पूँजीमा समायोजन** | | |
| जिन्सी मौज्दातमा भएको कमी/(वृद्धि) | (७६,७४२,२००) | (६,७६७,४७७) |
| व्यापारिक तथा अन्य आसामी लिनुपर्ने रकममा भएको कमी/(वृद्धि) | ११,५२०,९७६ | २१५,१३१,०५५ |
| अन्य चालू सम्पत्तिमा भएको कमी/(वृद्धि) | (४,६७९,६५६) | (१७,१२४,५९७) |
| अल्पकालीन लगानीमा भएको कमी/(वृद्धि) | (१६१,०५०,०००) | (१२१,४५०,०००) |
| व्यापारिक तथा अन्य दायित्व रकममा भएको वृद्धि/(कमी) | (२३,११४,७६९) | (१३९,१७३,१२५) |
| **संचालनबाट सृजित नगद** | ९४५,०५५,०५९ | १,३०३,३७३,५१६ |
| आयकर भुक्तानी | - | - |
| **संचालन गतिविधिबाट खुद नगद प्रवाह (क)** | ९४५,०५५,०५९ | १,३०३,३७३,५१६ |
| | | |
| **लगानी गतिविधिबाट नगद प्रवाह** | | |
| सम्पत्ति, मेशिन तथा यन्त्र उपकरणमा भएको खरिद | (१२०,६३५) | (१,१२८,८५६) |
| आयोजना कार्य प्रगतिमा भएको (वृद्धि)/कमी | (१,४५५,२७०) | (५,६२०,०४०) |
| आयोजना कार्य प्रगतिलाई अदृश्य सम्पत्तिमा परिवर्तन गरिएको | - | - |
| आयोजना कार्य प्रगतिलाई सम्पत्ति, मेशिन तथा यन्त्र उपकरणमा परिवर्तन गरिएको | - | - |
| अदृश्य सम्पत्तिमा भएको (वृद्धि)/कमी | (४०,७०८,१२१) | (२६२,२७४,५५९) |
| दीर्घकालीन लगानीमा भएको (वृद्धि)/कमी | ३६,८३६,२८० | (३८,५५०,०००) |
| सम्पत्ति, मेशिन तथा यन्त्र उपकरणहरु लाई बिक्री गरिएको | - | - |
| लाभांश आय | - | १,९८६ |
| **लगानी गतिविधिबाट खुद नगद प्रवाह (ख)** | (५,४४७,७४६) | (३०७,५७१,४६८) |
| | | |
| **वित्तीय गतिविधिबाट नगद प्रवाह** | | |
| सर्वसाधारणमा शेयर जारी गरिए बापत प्राप्त रकम | - | - |
| शेयर आवदेन रकम | - | - |
| दिर्घकालिन ऋणमा भएको वृद्धि/(कमी) | (४७६,२९९,२००) | (४३०,८०१,१९०) |
| अल्पकालिन ऋणमा भएको वृद्धि/(कमी) | ९८,९५३,८८० | १५६,५८६,८०५ |
| लाभांश भुक्तानी | - | - |
| खुद वित्तीय खर्च | (६२०,३२२,५२१) | (६२१,१४६,४२२) |
| **वित्तीय गतिविधिबाट खुद नगद प्रवाह (ग)** | (९९७,६६७,८४१) | (८९५,३६०,८०६) |
| | | |
| **नगद र नगद सरहमा भएको वृद्धि/(कमी) (क+ख+ग)** | (५८,०६०,५२८) | १००,४४१,२४१ |
| वर्षारम्भमा नगद र नगद सरह | १०६,६२१,९४४ | ६,१८०,७०४ |
| **वर्षान्तमा नगद र नगद सरह** | ४८,५६१,४१८ | १०६,६२१,९४४ |